## पब्लिक सर्भिस कमिशनको सूचना नं. १

अर्थमन्त्रालयमार्फत सदर र मोफसलका भन्सार अड्डाहरूमा नियुक्त हुनालाई भारतमा भन्सार सम्बन्धी तालीम हासिल गर्न जान ६ जना ग्रयाजुएटको आवश्यकता छ । नेपाली जातीयता प्राप्त तथा अर्थशास्त्रको नोमिक्स लिई पास भएका उमेदवारले यस कमिशनका फाराम नं. प.स.क. १ मा आवेदनपत्र लेखी २००८ साल आश्विन ४ गते सम्ममा तलको ठेगानामा पठाउनुहोला । छानिएका उमेद्वारले तालीम पाउन जाँदा मासिक रु. २०० । भत्ता र नियुक्तिपछि ग्याजेटेड अफिसरको ग्रेड र स्केल पाउनुहुनेछ।

सरकारी बहालवालाले आफ्नो तैनाथवालामार्फत आवेदन गर्नुपर्छ । फाराममा शुल्कको कुरा लेखिए तापनि अहिले शुल्क बुझाउनुपर्दैन ।

## पब्लिक सर्भिस कमिशनको सूचना नं. २

शिक्षामन्त्रालयको निमित्त एकजना डेपुटी सेक्रेटरीको आवश्यकता छ, योग्यताका हकमा : १ कुनै स्वीकृत विश्वविद्यालयको ग्रयाजुएट हुनुपर्छ । २ शिक्षासम्बन्धी कामकाज र अफिसको राम्रो प्रबन्ध मिलाउन सक्ने हुनुपर्छ । ३ सेक्रेटरीका नोट इत्यादि ड्राफ्ट गर्न सक्नुपर्छ । ४ नेपाली जातीयता प्राप्त हुनुपर्छ। तलबमा मासिक मोरू. २००। र थप भत्ता मोरू. १५०। समेत जम्मा मोरू. ३५०। पाइने । उमेदवारहरूले पब्लिक सर्भिस कमिशनको फाराम नं. प. स. क. १ मा वा सोही ढाँचाको फाराममा २००८ साल आश्विन ४ गते सम्ममा आवेदनपत्र लेखी तलको ठेगानामा पठाउनुपर्छ ।

सरकारी बहालवालाले तालुकवालामार्फत आवेदनपत्र दिनुपर्छ ।

चेयरमेन — पब्लिक सर्भिस कमिशन,
सिंहदरबार ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।